CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #८०

१५ I८ I२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार वैदेशिक रोजगारीमा जाने कामदार कार्यरत कार्यक्षेत्र



- **५८.२%** सामान्य सिपयुक्त काम (सरसफाई, लेबर, लोडिङ, सिपिङ र डेलिभरी)
- **१५%** सेल्स एण्ड सर्भिस (बेकर/डेजर्ट मेकर, बरिस्टा/कफी मेकर, केयर गिभर, कुक/सेफ, हाउस किपिङ, रिटेल, सेक्युरिटी, टेलर, वेटर)
- **९.९%** कन्स्ट्रक्सन (कार्पेन्टर, मेसन, पेन्टर, स्काफोल्डिङ, स्टिल फिक्स्चर)
- **७.३%** ड्राईभर/मेसिन अपरेटर
- **५%** ईलेक्ट्रिकल/मेकानिकल टेक्निसियन (A/C टेक्निसियन, अटोमोटिभ, ईलेक्ट्रिसियन्, प्लम्बिङ, वाईल्डिङ)
- **२%** मेनुफेक्चरिङ
- **०.८%** एड्मिनिस्ट्रेटिभ
- **०.६%** सुपरभाईजर
- **०.४%** ऋुज
- **०.८%** अन्य

*सरकारले वैदेशिक रोजगारीबाट रोजगारी गुमाई नेपाल फर्किएका व्यक्तिलाई रोजगारी दिने भनेर ठुलो बजेट छुट्याईरहेको छ । तर, के माथि उल्लेख गरिएको आँकडा बमोजिमको सिप अनुसार रोजगारीको योजना स्थानीय तथा प्रदेश सरकारले बनाएको छ त ?*

स्रोत: https://dofe.gov.np/report.aspx

## नेपाल अपडेट



रोजगारीको लागि जिल्ला प्रहरी कार्यालयमा आवेदन दिन आएका युवाहरु

तस्विर: दिनेश गौतम

### परिक्षण

पिसिआर परिक्षण: १७,३७,७४७

पोजेटिभ: २,३३,४५२

उपचाररत: १७,४२३

मृत्यु : १५०८

सन्चो भएका : २,१४,५२१




Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



अहिले फेरी कोरोना संक्रमितको शरिरमा भाईरस लामो समय बस्छ भन्ने समाचार आईरहेका छन् । संक्रमितले पुन: परीक्षण कति दिनपछि गराउने हो ?

कोभिड - १९ पुष्टि भई १० दिन आईसोलेशनमा बसेका व्यक्तिहरुबाट अन्य व्यक्तिहरुमा संक्रमण सर्नसक्ने सम्भावना धेरै कम हुन्छ । त्यसैले संक्रमण पुष्टि भएको १४ दिन पछि लक्षण नभएका व्यक्तिहरुले पिसिआर परीक्षण नगरी जनस्वास्थ्यका मापदण्डहरुको पालना गर्दै आवश्यक दैनिक कृयाकलाप गर्न सकिन्छ । संक्रमितले पुन: पिसिआर परीक्षण गराउनु पर्दैन ।

स्रोत: https://cutt.ly/whjSsks



के सरकारले कोभिड - १९ को नियन्त्रणमा खटिएका स्वास्थ्यकर्मीलाई जोखिम भत्ता नदिएकै हो ?

नेपाल सरकारले कोभिड - १९ को उपचारमा संलग्न सबै खाले जनशक्तिलाई जोखिम भत्ता व्यवस्थापन आदेश बमोजिम जोखिम भत्ता बापतको रकम निकासा गरिसकेको छ । त्यसै गरेर कोभिड - १९ को संक्रमणको उपचार बापत अस्पताललाई अनुदान उपलब्ध गराउने सम्बन्धी आदेश, २०७७ बमोजिम असोज मसान्त सम्मको जोखिम भत्ता पनि निकासा भईसकेको छ । यदि जोखिम भत्ता पाउनुपर्ने कर्मचारी तथा स्वास्थ्यकर्मीले भुक्तानी नपाएको भए यथासिघ्र उपलब्ध गराउन २०७७ मंसिर १२ गते सचिव स्तरिय निर्णय भएको छ ।

स्रोत: https://cutt.ly/ThjyrNI



अहिले कक्षा १२ को परीक्षा चलिरहेको छ । कहिले कुनै त कहिले कुनै विषयको परीक्षा रद्द भएको समाचार आउँछ । आधिकारिक सूचना कहाँबाट थाहा पाउने ?

२०७७ साल मंसिर ११ गते सञ्चालित कक्षा १२ को फिजिक्स (२१०) विषयको परीक्षा रद्द गरी मंसिर १७ गते पुन: सञ्चालन गर्ने जस्ता भ्रामक समाचारहरु सामाजिक सञ्जालमा आएका थिए । त्यस्ता भ्रामक समाचारको पछि नलाग्न राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ । त्यसै गरेर बोर्डको आधिकारिक वेबसाईटमा प्रकाशित सूचना बाहेकका सूचनाको भ्रममा नपर्न पनि अनुरोध गरेको छ ।

स्रोत: http://www.neb.gov.np/uploads/photos/RhVIXRyqdr201126112024.jpg



अहिले जताततै भिडभाड बढेको छ । स्वास्थ्य मापदण्ड पनि कसैले पालना गरे जस्तो लाग्दैन । यसको अनुगमन कसले गर्ने हो ?

अहिले सरकारले टोल टोलमा कोभिड सहजिकरण समुह बनाई परिचालन गर्ने भनेको छ । यि समुहले समुदाय स्तरमा कोभिड सम्बन्धी सम्पूर्ण व्यवस्थापन र अनुगमन गर्ने भनेको छ । यदि कहिँ कतै सरकारले तोकेको मापदण्ड विपरित भिडभाड वा सुरक्षा मापदण्ड पालना नभएको पाईएमा सम्बन्धित वडाको वडा अध्यक्षलाई जानकारी गराउनु पर्दछ ।

स्रोत: https://drive.google.com/file/d/1L4SmmCha-Fzm8FZl9dsJGcDHdX_q-Frd/view

**WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन**

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19** को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सितैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,५७,१२८ संक्रमित | १,४२,४२६ संक्रमित | ८६,७८७ संक्रमित | १,३८,६४८ संक्रमित | १,६८,८६० संक्रमित | १,२३,४८४ संक्रमित | ६५,६९७ संक्रमित | ३४,२०१ संक्रमित |
| ५,२५० नेपाली संक्रमित | २,१५० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २७,४१२ नेपाली संक्रमित | ४,५०० नेपाली संक्रमित | ३०० नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | २७ नेपाली संक्रमित |
| ८४ मृत्यु भएका नेपाली | १२ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | ३९ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## नेपाली समुदायको पहलमा यूएईमा PCR रिपोर्ट लिनको लागि सहज व्यवस्था

यूएईबाट नेपाल फर्किनु पर्ने सम्पूर्ण श्रमिकहरुको लागि नेपाली समुदायको पहलमा थम्बे हस्पिटलको स्टेडियम मेट्रो स्टेसन नजिकै रहेको ब्रान्चबाट एऋच रिपोर्ट लिन सकिने व्यवस्था गरिएको छ ।



शुल्क: **१८० दिरहाम**

लाग्ने समय: **६ देखी ८ घण्टामा रोपोर्ट आउने**

जुनसुकै एयरलाईन्सबाट फर्किने भएपनि टिकट र अन्य कागजातहरु जस्तै: पासपोर्ट, आईडि कार्ड पनि लिएर जानुहोला ।

यो जानकारी श्रमिक संञ्जाललाई बेदप्रसाद अर्यालले उपलब्ध गराउनु भएको हो ।

*नोट: नेपाल फर्किनको लागि ७२ घण्टा भित्र PCR-Negative रिपोर्ट चाहिन्छ ।*

**www.facebook.com/shramik.sanjal** बाट तपाई हरेक आईतबार, बुधबार र शुक्रबार बेलुका **UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight)** हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी – खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड – १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च



# फ्रन्टलाईनर्स भोईसेस



## रञ्जन झा

अ.हे.व., मठिहानी नगरपालिका स्वास्थ्य चौकी, धनुषा

"पहिला काम गर्न निकै चुनौतिपूर्ण थियो । डरावपूर्ण अवस्था थियो । कसैलाई पनि छुन डर लाग्थ्यो । स्वास्थ्य चौकीमा सेवा लिन आएकाहरूलाई सेवा प्रवाह गर्दा र औषधि वितरण गर्दा धेरै मान्छेसँग सम्पर्क हुने भएकोले घरमा आउँदा परिवारबाट टाढा बस्थे । केही समय त घर नै जान छाडेको थिए । तर, अहिले अवस्था समान्य बनेको छ । अहिले समूदायमा सेवा दिँदा पनि पहिला जस्तो डर लाग्दैन । मास्क लगाएर नै काम गर्छु । तर, समूदायका मानिसहरु अझै पनि मास्क प्रयोग गर्दैनन् । प्रयोग गर्नु भन्दा पनि कोरोना केहि हैन भनेर जवाफ फर्काउछन । यसले संक्रमण बढ्ने जोखिम अझै बढी छ ।"

## रुवि सिंह

कर्यालय सहयोगी, जलेश्वर नगरपालिका शहरी अधारभूत स्वास्थ्य केन्द्र, महोत्तरी

"म कर्यालयमा नियमित सेवा दिन्थे । म खासै कोरोनासँग डराईन । तर, सचेत भने थिए । गाउँमा पनि सतर्क रहने उपाय बारे सबैलाई बुझाउँथे । म कामले बाहिर गएँ । आउँदा रुघा खोकी लाग्यो । पिसिआर परीक्षण गर्दा पोजेटिभ आयो । म अस्पताल गइन । घरमै आईसोलेशनमा बसे । पोजेटिभ देखिए पनि लक्षण केहि देखिएन । कुनै लक्षण नदेखिएपछि सात दिन पछि परिवारसँगै बस्न थाले । कर्यालय भने १४ दिन पछि गए । अहिले म ठिक छुँ । मलाई केही नभए पनि सर्तक हुनुपर्छ जस्तो लाग्छ । "





## मुना खनाल

नर्स, सुनबर्से नगरपालिका, मोरङ

"कोरोना भाईरसको बारेमा त्यती गम्भिर नभएकोले बाहिरबाट आएकाहरूलाई क्वारेन्टाईनमा राख्नु, उनिहरूलाई स्वास्थ्य शिक्षा र लक्षणहरुको बारेमा बुझा( उनु चुनौतिपूर्ण थियो । त्यसमाथी परिवारले नै बाहिरबाट आएकालाई लुकाउने हुनाले उनिहरूलाई परामर्श दिन पनि कठिन थियो । उनिहरूलाई लाग्थ्यो यो सब स्वास्थ्यकर्मीका लागि गर्नुपर्दछ । त्यतीखेर उनिहरूलाई यो सावधानी अपनाउँदा स्वयंलाई र परिवारलाई फाईदा हुन्छ भनेर बुझाउन जरुरी थियो । तर, त्यही समयमा क्वरेन्टाईनमा बसेकाहरु भाग्थे । उनिहरूलाई खोजेर ल्याउनु अझै सकसपूर्ण थियो ।"

सही सूचना

# नेपालमा कोभिड - १९ को बर्तमान अवस्था

## नेपालमा कोभिड - १९ का सकृय संक्रमित र सञ्चो भएका र मृत्यु भएकाहरुको संख्या




माथिको चार्टमा नेपालमा कोभिड - १९ का सकृय संक्रमित र सञ्चो भएका र मृत्यु भएकाहरुको संख्यालाई देखाईएको छ । विश्व स्वास्थ्य संगठनको वेवसाईट (https://www.who.int/bulletin/online_first/BLT.20.265892.pdf) मा प्रकाशित कोभिड - १९ बाट संक्रमितको मृत्युदर सम्बन्धी तथ्यांक अनुसार विश्वमै सञ्चो हुनेको संख्या ९७% रहेको छ । जबकी नेपालमा संक्रमित सञ्चो हुने दर ९१.६१% रहेको छ । सोही प्रतिवेदन अनुसार, विश्वमै संक्रमणबाट मृत्यु हुने दर ०.२३% रहेको छ । जबकी, नेपालमा यसको मृत्यु दर तिन गुणा बढी, अर्थात ०.६४% रहेको छ । यसले नेपालमा धेरै संक्रमितहरु अझै सञ्चो हुन बाँकी छ भन्ने देखाउँछ । त्यसै गरेर कोभिड - १९ बाट मृत्यु हुनेको संख्या पनि विश्वको औशत मृत्युदर भन्दा नेपालमा बढी छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219